# बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:२०८०।०८१
चलानी नं.:

### वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुको प्रस्तावना आह्वान सम्बन्धि सूचना !

**प्रथम पटक प्रकाशित मिति २०८०।१२।०६ गते**

यस बाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुको आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम मध्ये निम्न कार्यक्रमहरु संचालनको लागि सूचना प्रकाशन गरी प्रस्तावना छनौट गर्नु पर्ने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी संस्था तथा कृषि फर्महरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ३० दिन (मिति २०८१/०१/०५ गते) भित्र बाणगंगा नगरपालिका,कृषि विकास शाखामा निर्धारित ढाँचा अनुसारको प्रस्ताव पेश गर्नु हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**कार्यक्रमहरु**

| कार्यक्रम | न्युनतम मापदण्ड | कैफियत |
|---|---|---|
| १ . पचास प्रतिशत अनुदानमा बीउ उत्पादन कार्यक्रम (धान) | १. कम्तिमा ३० कठ्ठाको एउटै प्लट हुनु पर्ने<br>२. बीउको रुपमा प्रयोग तथा विक्री वितरणको प्रतिबद्धता गर्नु पर्ने | |
| २, पचास प्रतिशत अनुदानमा धानको उन्नत बीउ बितरण | १.आफ्नो वा भाडाको जग्गा हुनु पर्ने। | १.सावा सव-१, राम धान, राधा-४ र हर्दिनाथ-६ जातको बीउ मात्र माग गर्न सकिने<br>२.ब्यक्तिगत रुपमा समेत माग गर्न सकिने |
| ३.पच्हत्तर प्रतिशत अनुदानमा हरियो मलको लागि ढैचाको बीउ बितरण | १. आफ्नो वा भाडाको जग्गा हुनु पर्ने।<br>२. सिंचाईको राम्रो ब्यवस्था हुनु पर्ने। | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. कृषक समूह/ कृषि सहकारी/कृषि फर्म २०८० फाल्गुन मसान्त भित्र दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण/सुचिकृत भएको)।

२. कृषक समूह/ कृषि सहकारीको कार्यक्रम मागको निर्णयको प्रतिलिपी।

३. वडा कार्यालयको सिफारिस पत्र।

४. कृषक समूह/ सहकारी संस्था/ कृषिको करचुक्ता प्रतिवेदनको प्रतिलिपी।

५. छुट्टा छुट्टै कार्यक्रमको लागि छुट्टा छुट्टै निवेदन।

६. कृषक समूह/कृषि सहकारी/कृषि फर्मको कार्यालय भवनमा राखिएको साईनबोर्डको फोटो।

७. कृषि विकास तथा कृषि प्रसार कार्यक्रम क़ार्यान्वयन कार्यविधि, २०७८ को अनुसूची-२ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नु पर्ने।

८. सि नं २ को लागि ब्यक्तिगतको हकमा नागरिकताको प्रतिलिपी र लालपुर्जाको प्रतिलीपी

**नोटः-** कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
सम्पर्क नम्वर-९८४१३५२७४७/९८४७०५२९५४

इमेलः agriculturebangangamun@gmail.com वेभसाइटः www.ban[illegible]